# विद्युत नियमन आयोग
## सानो गौचरण, काठमाडौं

## खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नेसम्बन्धी सूचना

**(प्रकाशन मितिः २०८२।०१।१२)**

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस आयोगमा रिक्त रहेका देहायका पदहरू खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले विद्युत नियमन आयोग कर्मचारी प्रशासन विनियमावली, २०८१ बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको योग्यता पुगेका उम्मेदवारहरूले आयोगको वेबसाइट www.erc.gov.np मा रहेको Career Tab भित्र गई वा सोझै www.vacancy.erc.gov.np मार्फत तोकेको अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन फाराम भरी ग्लोबल आइएमई बैंक लि., ज्ञानेश्वर शाखामा रहेको आयोगको चल्ती खाता नं. ००४०१०१००००४९८ मा तोकिएको दस्तुर जम्मा गरी सोको भौचर समेत अपलोड गरी अनलाइन दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । **लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।**

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | कुल माग संख्या | खुला | समावेशी समूहतर्फ |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | महिला |
| ०१/२०८१-८२ | सहनिर्देशक | ९ | इन्जिनियरिङ | इलेक्ट्रिकल | १ | १ | - |
| ०२/२०८१-८२ | सहनिर्देशक | ९ | इन्जिनियरिङ | हाइड्रोपावर | १ | १ | - |
| ०३/२०८१-८२ | हाइड्रोलोजिष्ट | ७ | इन्जिनियरिङ | हाइड्रोलोजी | १ | १ | - |
| ०४/२०८१-८२ | इञ्जिनियर | ७ | इन्जिनियरिङ | हाइड्रोपावर | १ | १ | - |
| ०५/२०८१-८२ | इञ्जिनियर | ७ | इन्जिनियरिङ | इलेक्ट्रिकल | २ | १ | १ |
| ०६/२०८१-८२ | वित्त अधिकृत | ७ | प्रशासन | वित्त | १ | १ | - |
| ०७/२०८१-८२ | सूचना प्रविधि अधिकृत | ७ | विविध | सूचना प्रविधि | १ | १ | - |
| ०८/२०८१-८२ | वातावरणविद् | ७ | विविध | वातावरण | १ | १ | - |
| ९/२०८१-८२ | कानुन अधिकृत | ७ | प्रशासन | कानुन | १ | १ | - |
| १०/२०८१-८२ | सहायक प्रशासकीय अधिकृत | ६ | प्रशासन | सामान्य प्रशासन | १ | १ | - |
| ११/२०८१-८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | १ | १ | - |

**विज्ञापन सम्बन्धी विशेष सूचना**

सम्मानित सर्वोच्च अदालतबाट रिट नं ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ ।

**परीक्षाको किसिमः** पाठ्यक्रममा उल्लेख भए बमोजिम लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।

**परीक्षाको माध्यमः** पाठ्यक्रममा तोकिए बमोजिम (नेपाली वा अंग्रेजी वा दुवै )।

**परीक्षा केन्द्रः** काठमाडौं।

**लिखित परीक्षा हुने मिति :** लोक सेवा आयोगबाट परीक्षा कार्यक्रम निर्धारण भएपश्चात् लोक सेवा आयोग तथा विद्युत नियमन आयोगको वेवसाइटमा प्रकाशन गरिने छ ।

**दरखास्त बुझाउने स्थान/तरिकाः** आयोगको वेबसाइट www.erc.gov.np मा रहेको Career Tab भित्र गई वा सोझै www.vacancy.erc.gov.np मार्फत तोकिए बमोजिमको विवरण तथा कागजातहरू अपलोड गरी अनलाइन दरखास्त आवेदन दिनुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरूः** उम्मेदवारले शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाण पत्र अपलोड गर्नुपर्नेछ । अनुभव आवश्यक पर्ने विज्ञापनका हकमा अनुभवको प्रमाणपत्र अपलोड गर्नुपर्नेछ । दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत अपलोड गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः** २०८२/०२/०१ सम्म र दोब्बर दस्तुर तिरी २०८२/०२/०८ सम्म । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको अर्को दिन कार्यालय समयभित्र दरखास्त बुझाउन सकिनेछ ।

**उमेरको हदः** २०८२/०२/०१ सम्ममा सहायकस्तर पाँचौं तहको पदमा अठार वर्ष उमेर पुरा भएको र पैंतिस वर्ष ननाघेको। अधिकृतस्तर छैठौं तथा सातौं तहको पदमा एक्काइस वर्ष उमेर पुरा भएको र पैंतिस वर्ष ननाघेको। महिला उम्मेदवारको लागि चालिस वर्ष ननाघेको। अधिकृतस्तर नवौं तहको पदमा एक्काइस वर्ष उमेर पुरा भएको र पैंतालिस वर्ष ननाघेको।

**सेवाको प्रकार :** स्थायी ।

**तलब तथा सेवा सुविधाः** आयोगको नियमानुसार ।

**परीक्षण कालः** पुरुषका हकमा एक वर्ष तथा महिलाको हकमा छ महिना ।

**काम गर्नुपर्ने स्थान :** आयोगको कार्यालय ।

**परीक्षा दस्तुरः** अधिकृतस्तर नवौं तहका लागि रु. २,०००/-, अधिकृतस्तर छैठौं र सातौं तहको लागि रु.१,२००/- र सहायकस्तर पाँचौं तहका लागि रु. ७००/- । एक उम्मेदवारले एकै पदको खुला तथा समावेशी समूहमा सहभागी हुने भएमा प्रत्येक समूहका लागि थप २५ प्रतिशत दस्तुर लाग्नेछ।

<u>आवश्यक न्यूनतम योग्यताः</u>

१. **अधिकृतस्तर नवौं तह सहनिर्देशक (इलेक्ट्रिकल समूह) को लागिः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट इलेक्ट्रिकल इञ्जिनियरिङ विषयमा स्नातक गरी इलेक्ट्रिकल इञ्जिनियरिङ विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएका सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा ५ वर्ष सेवा गरेको अनुभव भएको हुनुपर्नेछ। तर विद्यावारिधी स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभव अवधि दुई वर्ष कम भए पनि योग्य भएको मानिनेछ ।

२. **अधिकृतस्तर नवौं तह सहनिर्देशक (हाइड्रोपावर समूह) को लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण गरी हाइड्रोपावर वा हाइड्रोपावर डेभलपमेन्ट वा हाइड्रोपावर प्लानिङ्ग वा हाइड्रोपावर डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट वा वाटर रिसोर्सेज इञ्जिनियरिङ वा वाटर रिसोर्सेज डेभलपमेन्ट इञ्जिनियरिङ वा वाटर रिसोर्सेज इञ्जिनियरिङ म्यानेजमेन्ट वा सो सरह विषयमा स्नातकोत्तर तह उपाधि हासिल गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएका सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा ५ वर्ष सेवा गरेको अनुभव भएको हुनुपर्नेछ। तर विद्यावारिधी स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभव अवधि दुई वर्ष कम भए पनि योग्य भएको मानिनेछ ।

३. **अधिकृतस्तर सातौं तह जियोलोजिष्ट पदको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोलोजी वा एप्लाइड जियोलोजी वा इञ्जिनियरिङ जियोलोजी वा जियोलोजीकल इञ्जिनियरिङ विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

४. **अधिकृतस्तर सातौं तह हाइड्रोलोजिष्ट पदको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङमा स्नातक वा हाइड्रोलोजी मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

५. **अधिकृतस्तर सातौं तह इन्जिनियर (हाइड्रोपावर समूह) पदको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

६. **अधिकृतस्तर सातौं तह इन्जिनियर (इलेक्ट्रिकल समूह) पदको लागिः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट इलेक्ट्रिकल इञ्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

७. **अधिकृतस्तर सातौं तह वित्त अधिकृत पदको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त वा अर्थशास्त्र मूल विषय लिइ स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ

८. **अधिकृतस्तर सातौं तह सूचना प्रविधि अधिकृत पदको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इञ्जिनियरिङ वा कम्प्युटर विज्ञान वा सूचना प्रविधि विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

९. **अधिकृतस्तर सातौं तह वातावरणविद् पदको लागिः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट वातावरण विज्ञान वा वातावरण इञ्जिनियरिङ वा वातावरण व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

१०. **अधिकृतस्तर सातौं तह कानुन अधिकृत पदको लागिः** मान्यताप्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

११. **अधिकृतस्तर छैठौं तह सहायक प्रशासकीय अधिकृत पदको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक उत्तीर्ण गरेको हुनुपर्नेछ।

१२. **सहायकस्तर पाँचौं तह वरिष्ठ सहायक पदका लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा कक्षा १२ (एस.एल.सी.ई.) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

<u>द्रष्टव्यः</u>

१. विद्युत नियमन आयोग कर्मचारी प्रशासन विनियमावली, २०८१ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।
२. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम तथा समावेशी प्रमाणपत्र प्राप्त गर्ने प्रयोजनको लागि गणना गरिने छैन ।
३. विज्ञापन अनुसार प्रत्येक पदको लागि छुट्टाछुट्टै दरखास्त फाराम भर्नुपर्नेछ ।
४. विज्ञापन रद्द भएको अवस्थामा बाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन।
५. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा अनुभव आवश्यक पर्ने हकमा आवश्यक अनुभव नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रीत नपुगेको दरखास्त स्वीकृत गरिने छैन।
६. दरखास्त स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम अधिकार पदपूर्ति समितिमा निहित हुनेछ ।
७. प्रस्तुत सूचनामा समावेश नभएका अन्य विषयहरूका हकमा विद्युत नियमन आयोग कर्मचारी प्रशासन विनियमावली, २०८१ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।
८. विज्ञापित पदहरूको पाठ्यक्रम आयोगको वेबसाइट www.erc.gov.np/pages/syllabus बाट प्राप्त गर्न सकिनेछ ।
९. दरखास्त सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र फोन नं. ०१-४५२२४४२ मा सम्पर्क गरी वा आयोगको इमेल admin@erc.gov.np मा इमेल मार्फत बुझ्न सकिनेछ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

# विद्युत नियमन आयोग
## सानो गौचरण, काठमाडौं

**विज्ञापन प्रकाशन गरिएको सूचना**

**(प्रकाशन मितिः २०८२।०१।१३)**

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस आयोगमा रिक्त रहेका पदहरूमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी मिति २०८२/०१/१२ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको सूचनामा अधिकृतस्तर सातौं तह जियोलोजिष्ट पदसंख्या १ (एक) को विज्ञापन छुट हुन गएकाले उक्त पदको विज्ञापन देहायबमोजिम थप गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | कुल माग संख्या |
|---|---|---|---|---|---|
| १२/२०८१-८२ | जियोलोजिष्ट | ७ | इन्जिनियरिङ | जियोलोजी | खुला- १ |

**आवश्यक न्यूनतम योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोलोजी वा एप्लाइड जियोलोजी वा इञ्जिनियरिङ जियोलोजी वा जियोलोजीकल इञ्जिनियरिङ विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

**विज्ञापन सम्बन्धी अन्य सबै विषय यसअघि मिति २०८२/०१/१२ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाबमोजिम नै हुनेछ।**

सदस्य सचिव
पदपूर्ति समिति